प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

**प्रदेश नं. १, विराटनगर, नेपाल**

शिक्षा, युवा तथा खेलकुद महाशाखा

मिति: २०७९।११।०८

चलानी नं: 650

पत्र संख्या :- 079/080

**सुचना ! सुचना !! सुचना !!!**

१) प्रदेश नं. १ का आर्थिक तथा सामाजिक रूपले पछि परेका समुदाय तथा अपाङ्गता भएका विद्यार्थीहरूको उच्च शिक्षामा पहुँच अभिवृद्धि गर्न सामाजिक विकास मन्त्रालयको आ.व. २०७९/८० का लागि स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन गर्न प्रदेश विनियोजन ऐन, २०७९ को दफा ९ ले दिएको अधिकार प्रयोग गरी सामाजिक विकास मन्त्रालयले मिति २०७९।१०।२४ गते उच्च शिक्षा छात्रवृत्ति वितरण सम्बन्धी मार्गदर्शन, २०७९ स्वीकृत गरेको छ। उच्च शिक्षा छात्रवृत्ति वितरण सम्बन्धी मार्गदर्शन, २०७९, प्रदेश सरकार, प्रदेश नं. १ सामाजिक विकास मन्त्रालयको वेवसाइट mosd.p1.gov.np मा प्रकाशन गरिएको छ ।

उच्च शिक्षा छात्रवृत्ति वितरण सम्बन्धी मार्गदर्शन,२०७९ को दफा ५ अनुसार अनुसुची-१ बमोजिमको ढाँचामा देहायअनुसारका कागजातहरु संलग्न राखि सुचना प्रकाशन भएका मितिले ३० दिन भित्रमा सामाजिक विकास मन्त्रालयमा निवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ ।

**आर्थिक तथा सामाजिक रूपले पछि परेका समुदायका विद्यार्थीका हकमा छात्रवृत्ति प्राप्त गर्नका लागि देहाय बमोजिमका कागजातहरुका साथ निवेदन पेश गर्नु पर्नेछ**

(क) निज विद्यार्थी नियमित रूपमा अध्ययन गरिरहेको व्यहोरा खुलेको सम्बन्धित शिक्षण संस्थाको सिफारिस –पत्र। (यस्तो सिफारिस – पत्रमा निज विद्यार्थी उक्त शिक्षण संस्थामा अध्ययन गरिरहेको बखत नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार वा अन्य कुनै सरकारी तथा निजी संस्थाले प्रदान

उप-सचिव

गर्ने कुनैपनि छात्रवृत्ति प्राप्त नगरेको तथा अध्ययन अवधिभरमा लाग्ने शुल्क खुलेको व्यहोरा उल्लेख हुनुपर्ने),

(ख) प्रदेश नं. १ को स्थायी बसोबास खुल्ने नागरिकता प्रमाणपत्रको प्रतिलिपि वा सम्बन्धित स्थानीय तहको सिफारिस – पत्र,

(ग) निज विद्यार्थीको परिवार आर्थिक तथा सामाजिक रूपले पछि परेको भनी सम्बन्धित स्थानीय तहको सिफारिस – पत्र,

(घ) निज विद्यार्थीले कक्षा – १२ उत्तीर्ण गरेको शैक्षिक प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि । साथै, वार्षिक प्रणाली बमोजिम दोश्रो, तेस्रो, चौथो वा पाँचौ वर्षमा अध्ययनरत विद्यार्थीको हकमा अघिल्लो वर्षको मार्कसिटको प्रतिलिपि र सेमेस्टर प्रणालीको हकमा समेत अघिल्लो सेमेस्टरको मार्कसिटको प्रतिलिपि।

**अपाङ्गता भएका विद्यार्थीका हकमा छात्रवृत्ति प्राप्त गर्नका लागि देहाय बमोजिमका कागजातहरुको साथमा निवेदन पेश गर्नु पर्नेछ ।**

(क) अपाङ्गता परिचय – पत्रको प्रतिलिपि,

(ख) निज विद्यार्थी नियमित रूपमा अध्ययन गरिरहेको व्यहोरा खुलेको सम्बन्धित शिक्षण संस्थाको सिफारिस –पत्र। (यस्तो सिफारिस –पत्रमा निज विद्यार्थी उक्त शिक्षण संस्थामा अध्ययन गरिरहेको बखत नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार वा अन्य कुनै सरकारी तथा निजी संस्थाले प्रदान गर्ने कुनैपनि छात्रवृत्ति प्राप्त नगरेको तथा अध्ययन अवधिभरमा लाग्ने शुल्क खुलेको व्यहोरा उल्लेख हुनुपर्ने),

(ग) प्रदेश नं. १ को स्थायी बसोबास खुल्ने नागरिकता प्रमाणपत्रको प्रतिलिपि वा सम्बन्धित स्थानीय तहको सिफारिस –पत्र,

(घ) निज विद्यार्थीले कक्षा – १२ उत्तीर्ण गरेको शैक्षिक प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि । साथै, वार्षिक प्रणाली बमोजिम दोश्रो, तेस्रो, चौथो वा पाँचौ वर्षमा अध्ययनरत विद्यार्थीको हकमा अघिल्लो वर्षको मार्कसिटको प्रतिलिपि र सेमेस्टर प्रणालीको हकमा समेत अघिल्लो सेमेस्टरको मार्कसिटको प्रतिलिपि।

२०७३।११।०५

फणिन्द्र खत्री

उप सचिव

उप-सचिव